स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILYराष्ट्रिय दैनिक



दीपेन्द्र के. खनालको निर्देशनमा बन्न लागेको फिल्म 'हरिबहादुरको जुत्ता'मा कलाकारको 'लाइनअप' रोचक बनिरहेको छ। अभिनेताद्धय हरिवंश आचार्य र प्रकाश सपूतपछि शुक्रबार मुख्य अभिनेत्रीमा स्वस्तिमा खड्का अनुबन्ध भइन्। अब फिल्ममा अर्की अभिनेत्री प्रियंका कार्कीको पनि प्रवेश भएको छ। निर्माताले प्रियंका र स्वस्तिमासँग एकैदिन कागजी सम्झौता गरेका हुन्। प्राप्त जानकारी अनुसार यसमा उनको सहायक भूमिका रहनेछ।

**आजको विचार...**



अर्जुन कार्की

पाल्पा...
(दुई पेजमा)



विजय बराल अभिनीत फिल्म 'पूर्णबहादुरको सारङ्गी' ले घरेलु बक्स अफिसमा दसौं दिनमै करिब १८ करोड कमाउन सफल भएको छ । फिल्मले दश दिनमा १७ करोड ९८ लाख ग्रसको व्यापार गरेको वितरण कम्पनी ब्यांकटेस इन्टरटेनमेन्टले बताएको छ । यो शनिबारसम्मको व्यवसाय हो । आइतबारको व्यवसाय आउन बाँकी छ । आइतबार पनि करिब दुई करोडको व्यवसाय गरेको हुनसक्ने वितरक मनोज राठीले बताए । फिल्मको कूल कलेक्सनमा काठमाडौं उपत्यकाको हस्सा ५२ प्रतिशत र मोफसलको ४८ छ ।

❐ वर्ष ३० ❐ अंक १०९ ❐ २०८१ कार्तिक २७ गते मंगलबार 12 November 2024, Tuesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# पालपा दरबार संग्रहालय २४ सै घण्टा उज्यालो भयो वैकल्पिक उज्यालोको व्यवस्था

**कृष्ण पोखरेल**

**पाल्पा,** कार्तिक २६ /लुम्बिनी प्रदेश सरकार मातहतमा रहेको पाल्पाको ऐतिहासिक पाल्पा दरबार संग्रहालयलाई २४ सैं घण्टा उज्यालो बनाइएको छ । वैकल्पिक उर्जाको व्यवस्था गरिएसँगै संग्रहालयलाई जुनसुकै बेला पनि उज्यालो हुने बनाइएको हो ।

दैनिक तीन /चार सय बढी पर्यटकले अनुगमन गर्ने यो संग्राहलय विद्युत् नभएको समयमा अँध्यारिन्थ्यो । यहाँ वैकल्पिक उज्यालोको कुनै पनि व्यवस्था नहुँदा विद्युत गएका बेला पर्यटकहरु संग्रहालय अवलोकन नगरी फर्कन बाध्य थिए । समस्या समाधानका लागि संग्रहालयले विगतदेखि नै हारगुहार गर्दै आए पनि समस्या टरेको थिएन । केही समय अघि संग्रहालय अवलोकन गर्न पुगेका लुम्बिनी प्रदेशका उद्योग, पर्यटन तथा यातायात मन्त्री प्रचण्ड विक्रम न्यौपानेले विजुलीबत्ती नहुँदा पर्यटकहरुले संग्रहालय अवलोकन गर्न नपाउने अवस्था देखेपछी 'दरबार संग्रहालयमा बैकल्पिक उर्जाको व्यबस्था मिलाउन अनुरोध गरेका थिए ।

मन्त्री न्यौपानेले लुम्बिनी प्रदेशकै उत्कृष्ट पर्यटकीय थलो पाल्पा दरबार संग्राहलयमा तत्काल बैकल्पिक





*पाल्पा दरबारमा जडान गरिएको वैकल्पिक उर्जाको अनुगमन गर्दै लुम्बिनी प्रदेशका उद्योग, पर्यटन तथा यातायात मन्त्री प्रचण्ड विक्रम न्यौपाने ।*

उर्जाको व्यवस्था गर्न मन्त्रालय मातहतको पर्यटक परिषदलाई निर्देशन दिए लगत्तै परिषदले तत्कालै इन्भटर खरिदका लागि संग्राहलयलाई बजेटको व्यवस्थापन गरिदिएको थियो ।

यहाँ अहिले इन्भर्टर जडान गरिएको छ । 'दरबार सङग्रहालयमा वैकल्पिक ऊर्जाको कुनै पनि व्यवस्था थिएन, विद्युत् नभएको समयमा संग्राहलय अँध्यारो रहने अवस्था थियो,' संग्रहालयका कार्यकारी निर्देशक श्याम कुमार पौडेलले भने 'संग्रहालय अँध्यारो हुँदा अनुगमनका लागि आउने पर्यटकहरूबाट लामो समय देखि गुनासो सुन्दै आएका थियौं, वर्तमान पर्यटन मन्त्रीज्यू समक्ष हामीले समस्याका बारेमा जानकारी गरायौं, र तत्कालै उहाँबाट हाम्रो समस्या सम्बोधन भएको छ ।' इन्भर्टर जडान भएपछि अहिले संग्रहालयमा अँध्यारोको समस्या दीर्घकालीन रूपमा टरेको छ । पाल्पा दरवार संग्रहालयमा धेरै भन्दा पर्यटकहरु भित्र्याउने, अवलोकन गराउने, पुराना कलासंस्कृतीको बारेमा जानकारी गराउने, विभिन्न पक्षलाई सोधखोज तथा अनुसन्धानमा सहयोग पुऱ्याउन आवश्यक पूर्वाधारहरुको विकास गर्न मन्त्रालयले आवश्यक कामहरु गर्दै आएको पर्यटनमन्त्री न्यौपानेले बताए । २०६२ माघ १८ गते तत्कालीन विद्रोही माओवादी आक्रमणबाट ध्वस्त भएको पाल्पा दरबार लाई पुन: निर्माण पछी २०७२ साल देखी दरवार संग्रहालयको रुपमा सञ्चालनमा आएको थियो । पाल्पा दरवारलाई प्रताप शमशेरण राणाले निर्माण गरेका थिए । तत्कालिन विद्रोही माओवादी आक्रमण हुनु अघि पाल्पा दरवारमा जिल्लाका अधिकाशं कार्यालयहरु सञ्चालनमा रहेका थिए ।

## संक्षिप्त समाचार

### रविलाई आज भैरहवा ल्याइँदै

बुटवल, कार्तिक २६/राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति तथा पूर्वगृहमन्त्री रवि लामिछानेलाई बयानका लागि आज भैरहवा ल्याइँदै छ । बुटवलको सुप्रिम बचत तथा ऋण सहकारी संस्थाको रकम गोर्खा मिडिया नेटवर्कमा लगेर अपचलन गरेको कसुरमा जारी रहेको अनुसन्धानका लागि बयान लिन रविलाई भैरहवा ल्याउन लागिएको हो ।

आइतबार कास्कीमै थप १३ दिन हिरासतमा राख्ने आदेश भएसँगै यही बिचको अवधिमा उनलाई यता ल्याउन लागिएको बुझिएको छ । पोखरामा सूर्यदर्शन सहकारी र भैरहवामा सुप्रिम सहकारीको रकम अपचलनमा उनको संलग्नता भएको आरोपसहित बयान र अनुसन्धान थालिएको हो ।

उनी कात्तिक २ गतेदेखि कास्की प्रहरी हिरासतमा छन् । रूपन्देही प्रहरीले यस अघि गोर्खा मिडिया नेटवर्कका उपाध्यक्ष एवं पूर्व डिआईजी छविलाल जोशी बञ्जाडेसँग भैरहवामै बयान लिएको थियो ।

पोखराको सूर्यदर्शन सहकारीको रकम अपचलन मुद्दामा कास्की अदालतबाट पुर्पक्षका लागि कास्कीमै थुनामा रहेका सुप्रिमको रकम अपचलनमा संलग्न कुमार रम्तेल र शिवबहादुर गुरुङलाई रूपन्देही प्रहरीले भैरहवा ल्याएर शुक्रबारदेखि सरकारी वकिलसमक्ष बयान भइरहेको छ ।

# जिप दुर्घटनामा एकै गाउँका पाँच जनाको मृत्यु




**बागलुङ,** कार्तिक २६/बागलुङमा जिप दुर्घटना हुँदा एकै गाउँका पाँच जनाको मृत्यु भएको छ । जिल्लाको जैमिनी नगरपालिका वडा नम्बर-८ को केवैबाट सदरमुकाम बागलुङतर्फ आउँदै गरेको ग २ च ९२४७ नम्बरको जिप सोमबार बिहान साढे आठ बजे जैमिनी नगरपालिका -७ ढुंगाखानीमा दुर्घटना हुँदा पाँच जनाको मृत्यु भएको हो ।

मृत्यु हुनेहरुमा जैमिनी नगरपालिका-८ केवैका ३८ वर्षीय चालक महेन्द्र पुन, उनकै छिमेकी २० वर्षीया रश्मी श्रीष, ५० वर्षीया नन्दकली पुन, १७ वर्षीय निरज श्रीष र ७५ वर्षीय कुलप्रसाद श्रीष रहेको प्रहरी निरीक्षक केशव थापाले जानकारी दिए । घटनामा सोही गाउँका ४५ वर्षीय गंगाबहादुर श्रीष गम्भीर घाइते छन् । घाइतेलाई स्थानीयले उद्धार गरेर उपचार लागि धौलागिरि अस्पताल ल्याएका छन् । यो घटनाले जैमिनी-८ को केवै गाउँ शोकमग्न भएको छ । जिप सडकदेखि करिब ७ सय मिटर तल खसेको जनाइएको छ । दुर्घटनाको सूचना पाएलगत्तै स्थानीयवासीहरु उद्धारमा जुटेका थिए । घटनाको विषयमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बागलुङले जनाएको छ ।

# आज हरिबोधिनी एकादशी, तुलसीको विवाह गरिँदै



**पाल्पा,** कार्तिक २६/ आज हरिबोधिनी एकादशी तुलसीको विवाह गरिँदै छ । हरेक वर्ष कार्तिक शुक्ल एकादशीका दिनमा भगवान् विष्णुको प्रतिकका रूपमा तुलसीको विवाह र विशेष पूजा गरी हरिबोधिनी एकादशी पर्व मनाउने गरिन्छ ।

आषाढ शुक्ल एकादशी अर्थात् हरिशयनी एकादशीका दिनमा क्षीरसागरमा सुतेका विष्णु ब्यूँतिने भएकाले आजको एकादशीलाई हरिबोधिनी वा प्रबोधिनी एकादशी पनि भनिन्छ । हरिशयनीदेखि हरिबोधिनी एकादशीका दिनसम्म चार महिना विष्णुका भक्तले तुलसीको व्रत गरी विशेष पूजा गर्दछन् । विष्णु क्षीर सागरमा सुतेकाले यी चार महिना विवाह व्रतबन्धजस्ता माङ्गलिक कार्य नगरिने परम्परा छ । यस समयमा खोला, नदीनालामा बाढी पहिरो आउने र सर्पजस्ता जीवको भयका कारण यात्रा नगर्नु शुभ मानिन्छ । हरिशयनी एकादशीका दिन घर घरमा रोपेर विशेष पूजा गरिएको तुलसीको मठमा गाईको गोबर र रातो माटोले पोतेर सिङ्गारी फूल मालाले सजाएर विवाह गरिन्छ । तुलसी विष्णुप्रिया भएकाले यस दिन तुलसीको विवाह गर्ने परम्परा बसेको हो । तुलसीको मठ नजिकै विष्णुको प्रतीकका रूपमा निगालाको लिङ्गो गाडेर विधिपूर्वक पूजा गरिन्छ । कार्तिक महिनाभर सबै देवदेवी तुलसीमै निवास गर्छन् भन्ने धार्मिक विश्वास छ । आदिकालदेखि पूजाको परम्परा बसेको तुलसीको महिमा वैज्ञानिक रूपमा पनि लाभदायक प्रमाणित भएको छ । यसैले तुलसीको मठ हुने घरलाई तीर्थसमान मानिन्छ । **-बाँकी अन्तिम पेजमा...**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

## सम्पादकीय

# चिसोमा निमोनिया हुन सक्छ, ख्याल गरौं

यतिबेला चिसो बढ्दो छ । चिसो मौसमसँगै मौसमी फ्लू, रुघाखोकी, निमोनिया जस्ता समस्याहरुले बढी नै सताउने गर्छ । त्यसमाथि बालबालिका, वृद्ध तथा गर्भवती र रोगप्रतिरोधात्मक क्षमता कम भएका मानिसलाई जाडोको यो समयमा धेरै रोग लाग्ने गर्छ । जाडो याम सुरु भएलगत्तै धेरै रोगले सताउने भएकाले उनीहरूका लागि जाडो शत्रुबराबर हुन्छ । चिसो मौसममा मानिसलाई सामान्य रुघाखोकी लाग्छ । तर, सामान्य रुघाखोकी ठानेर हेलचेक्र्याइँ गर्दा रुघाखोकी बिग्रिएर निमोनिया हुने गर्दछ ।

निमोनिया भनेको मुख्यत: फोक्सोसँग सम्बन्धित समस्या हो । यो समस्यामा फोक्सोमा संक्रमण हुने गर्छ । यस्तो संक्रमण भाइरस, ब्याक्टेरिया वा ढुसी (फंगस)का कारणले हुने गर्छ । जुनसुकै कारणले भए पनि निमोनियाको संक्रमण भएपछि फोक्सोको हावा थैलीहरुमा इन्फ्लेमेशन (सुन्निने) हुन्छ । यसरी निमोनिया संक्रमण भएर त्यस्ता हावा थैलीहरु सुन्निन थालेपछि बेलैमा उपचार भएन भने त्यहाँ पानी वा पीपहरु भरिन थाल्छ । यस्तो अवस्थामा संक्रमितलाई सास फेर्न कठिनाई हुन थाल्छ । निमोनिया लगाउने किटाणुहरु संक्रमण गराउने खालका हुन्छन् । यस अर्थमा निमोनिया पनि एउटा व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्छ । निमोनिया संक्रमितले फेरेको सास वा खोक्दा–हाँच्छिउ गर्दा उसको मुखबाट उछिट्टिएको थुक–सिंगानको छिटाहरुले त्यसको सम्पर्कमा आउने मानिसलाई सजिलै संक्रमित तुल्याउन सक्छ । त्यसबाहेक, संक्रमितले छोएका वा प्रयोग गरेका सरसामानहरुको सम्पर्कमा आउँदा पनि निमोनिया सर्न सक्छ । नेपालमा जाडो सुरु भएपछि पाँच वर्षमुनिका बालबालिकामा निमोनियाको संक्रमण बर्सेनि अलि बढी हुने गरेको छ । निमोनियाबाट बचाउनका लागि बालबालिका खोप लगाउनुपर्छ, पोषणयुक्त खुराक पर्याप्त दिनुपर्छ र चिसोमा निक्लिन दिनु हुन्न । संसारमा जन्म लिने हरेक बालक, चाहे उ संसारको जुनैसुकै ठाउँमा जन्म किन नलियोस, उसको पहुँचमा निमोनियाको औषधिहरू पुग्नैपर्छ । यही कुरालाई मध्यनजर गरेर सन् २००९ देखि हरेक बर्षाको नोभेम्बर १२ तारिख अर्थात् आजको दिन संसारभरी विश्व निमोनिया दिवस मनाइने गरिन्छ । यस दिवसलाई मनाइनुको मुख्य उद्देश्य भनेको ५ बर्षा भन्दा कम उमेरका बच्चाहरु अकाल मृत्युको मुख्य कारक बनेको यस रोगको बारेमा जनसमुदायमा जागरूकता फैलाउनु हो । त्यसबाहेक ,निमोनियाको उपचारको लागि सुरक्षाको लागि हस्तक्षेपहरू बढाउनु र अतिरिक्त स्रोत र ध्यानको आवश्यकतामा समाधानहरू हटाउनुमा पनि आजको दिनलाई लक्षित गरिएको छ । यो आफैमा सकारात्मक छ । तर रोग लाग्न भन्दा लाग्नै नदिने उपाय खोज्नु उत्तिकै राम्रो मानिन्छ । यसर्थ बालबालिकालाई निमोनिया नहोस् भन्नका लागि चिसोबाट जोगाउन जरुरी छ ।

## Opinion @ Social Network

कसैसँग बदला लिने सोच नराख्नुहोस,
खराब फल आफै बोट बाट झर्छ ।

*(माया सारुको फेसबुक स्टाटस https://www.facebook.com/Maya.Saru)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# पाल्पा जेसीज र 'युवाको प्रश्न नेतृत्वसँग' को बहस



अर्जुन कार्की
अध्यक्ष, जेसीज पाल्पा

***आज मेरो छोरा अस्ट्रेलिया छ, मेरी छोरी अमेरिका छे भनेर गर्व गर्ने मनोविज्ञान विकास भएको छ । त्यो राष्ट्रको लागि निकै प्रत्युत्पादक छ । आज रेमिटान्सले देश धानेको छ यदि त्यो रोकिने अवस्था आए के होला ?***

'शासन व्यक्तिको होइन विधिको हुनु पर्दछ' भन्ने मुल मन्त्रलाई आत्मसात गर्दै १८ देखी ४० वर्ष भित्रका युवाहरुको व्यक्तित्व, नेतृत्व र उद्यमशीलता विकास गर्ने अन्तर्राष्ट्रिय संस्था जेसीज हो । नेपाल जेसीजको क्रियाशील शाखाको रुपमा सन् १९८० मा पाल्पाका बौद्धिक व्यक्तित्व संस्थापक अध्यक्ष जेसी छत्रराज शाक्य र संस्थापक महासचिव जेसी बुद्धि प्रसाद शर्माको नेतृत्वमा पाल्पा जेसीजको स्थापना भएको हो । जेसीजले व्यक्तित्व, व्यवसायिक, सामाजिक र अन्तर्राष्ट्रिय विकास गर्नमा सघाउने जेसिजको मुख्य उद्देश्य हो । विधिको शासन, मानवताको सेवा, विश्वबन्धुत्वको भावनालाई आत्मसात गर्दै समाजमा रहेका युवाहरुलाई संगठित गरी नेतृत्वदायी भूमिका निर्वाह गर्ने संस्थाको रुपमा जेसीज परिचित छ । यो प्रत्यक्ष रुपमा सामाजिक विकासप्रति समर्पित संस्था होईन । यो संस्थाको केन्द्र विन्दु व्यक्ति (मानिस) हो । सामान्य अवस्थामा जन्मले कोही पनि सक्षम वा असक्षम हुँदैन । प्रत्येक मानिस भित्र प्रतिभा हुन्छ छ र उक्त प्रतिभालाई प्रस्फुटन गराउन उपयूक्त वातावरण तथा अवसरको आवश्यकता पर्दछ । जेसीजले आफ्ना सदस्यहरुलाई उपयूक्त अवसरहरु उपलब्ध गराएर उनीहरुमा अन्तरनिहित प्रतिभालाई प्रस्फुटन गराई तिनिहरुको व्यक्तित्वको विकास गरी नेतृत्व दिन सक्षम बनाई एक असल नागरिक बनाउने गर्दछ । प्रत्यक्ष रुपले यस्तो भावना लिएर स्थापित गरिएको जेसीज पहिलो संस्था हो । समष्टिगत रुपमा जेसीजले मानविय विकासमा बढी जोड दिएको छ । किन भने सक्षम मानिसहरुको विकास हुन सकेमा समाज, राष्ट्र र विश्वको स्वत: विकास हुन्छ । आज सम्म विश्व समुदायले जे जस्तो विकास गरेको छ ति सबै मानिसकै देन हुन । यस पृथ्वीको सबै भन्दा उत्कृष्ट प्राणी भनौ वा सबै भन्दा बहुमुल्य सम्पत्ति भनौ त्यो कुनै हो भने केवल मानिस हो । अरु कोही हैन । यस प्रकार जेसीजले समाजको निमित्त सक्षम एवं असल व्यक्तित्वको निमार्ण गरी अप्रत्यक्ष रुपले समाजको विकास गर्दछ । साधन श्रोतको क्षेत्रमा जति सुकै सम्मृद्ध भए पनि त्यसको परिचालन गर्ने सक्षम व्यक्तित्वको नेतृत्व भएन भने परीक्षामा नकारात्मक नतिजा आउँछ । यद्यपी जेसीज पाल्पाले यी कुराहरुलाई मात्र आत्मसाथ नगरी समाजको वर्तमान अवस्थालाई हेरेर विपन्न, असहायहरुका लागि शिक्षा, स्वास्थ्यमा सहयोग, संस्कृतिको संरक्षण, नागरिक र उनीहरुले चुनेर पठाएका जनप्रतिनिधिसँगको अन्तरसम्बन्धलाई नजिक बनाउन मध्यमार्गीको भूमिका समेत खेल्दै आएको छ । यसर्थ यहाँ जेसिज पाल्पाले गत शनिबार जिल्लामै पहिलो पटक आयोजना गरेको स्थानीय तह र नागरिकबिच "युवाको प्रशन नेतृत्वसंग" विषय खुल्ला बहसका बारेमा मात्र चर्चा गर्ने प्रयास गरिएको छ ।

पाल्पा जेसीजको ध्यानाकर्षण यतिबेला मुलुकमा राज्य सञ्चालन गर्ने तीनै तहको सरकार र नेतृत्व पंक्ति समक्ष प्रश्नवाचक चिन्हको रुपमा रहेको छ । देश संघीयतामा गएपछि बनेका स्थानीय सरकार र ति सरकारहरुले युवाहरुको क्षेत्रमा गरेका कामहरुका विषयहरु सार्वजनिकीकरण गर्ने निर्वाचनका समयमा गरिएको प्रतिवद्दता सम्झाउने र कति काम भयो, बाँकी कति छ, भन्ने जस्ता प्रश्नहरु युवाहरुले आफ्ना जनप्रतिनिधिहरुसँग राख्ने वातावरण जेसिजले गत शनिबार मिलाएको थियो । जेसिजले "युवाको प्रश्न नेतृत्वसँग" विषय खुल्ला बहस कार्यक्रम गर्नु आफैमा सकारात्मक कदम हो । यस कार्यक्रममा युवाहरुले प्रत्यक्ष आृना स्थानीय तहका आफैले मतदान गरी नेतृत्वमा पठाएका पालिका प्रमुखहरुसँग सम्वाद गर्ने वातावरण निर्माण गरिएको थियो । कार्यक्रममा उपस्थित युवाले पालिकाको युवा लक्षित कार्यक्रमसहित समग्र क्षेत्रका विकास गतिविधि बारे खेलेको भूमिका बारे विचार राख्ने ऐतिहासिक अवसर प्राप्त गरे । यसलाई महत्वपूर्ण उपलब्धिका रुपमा लिन सकिन्छ । युवाको प्रश्न नेतृत्वसँग कार्यक्रमले स्थानीय तह र युवाबिच विकास गतिविधिका बारेमा प्रत्यक्ष साक्षत्कार गराउन, युवा र जनप्रतिनिधिबिच दुरी कम गराउन जनप्रतिधिहरुलाई युवा लक्षित कार्यक्रम तर्जुमा र कार्यान्वयनमा युवा दवाब सिर्जना गराई युवामैत्री कार्यक्रम सञ्चालनको वातावरण निर्माण गराउने विश्वास लिइएको छ । पाल्पा जेसीज वर्ष २०२४ को पहलमा आयोजना गरिएको कार्यक्रमले युवा र स्थानीय पालिकाहरुबिचको सम्बन्धलाई थप प्रगाढ र विश्वासमूलक बनाउने विश्वास लिइएको छ । बहस कार्यक्रममा पाल्पा क्षेत्र नं. २ मा रहेका ५ पालिका प्रमुखहरुको सहभागिता रह्यो । जसले युवाहरुको प्रश्नको जवाफ दिएका थिए । अघिल्ला दुई वर्ष (आ.व. ०७९/०८० र ०८०/०८१) मा वार्षिक युवा लक्षित कार्यक्रमको अवस्था त्यसले पारेको प्रभाव (स्वरोजगार, उद्यमी) र विदेशबाट फर्किएका युवाहरुको व्यवस्थापन विदेशिन बाध्य युवाहरुलाई स्वदेश मै बस्ने वातावरण निर्माणमा पालिकाहरुले गरेका काम, भावि योजना र पालिका प्रमुखहरुको प्रतिवद्धता लिइएको छ । युवा शक्ति, सिर्जना र विकासका मेरुदण्ड हुन् । राष्ट्रबाट युवा शक्ति पलायन हुनु भनेको शरिरमा पक्षघात हुनु जस्तै हो । जापान, चीन, भारत जस्ता मुलूकहरुले आर्थिक समृद्धि त्यसबेला हासिल गरेका हुन् जुन बेला युवा जनसंख्या बढी थियो । नेपालमा शासन व्यवस्था वा सरकार जति फेरिए पनि युवा शक्तिलाई देश भित्रै राख्नु पर्छ भन्ने सोंच आएको देखिन्न । राणाहरुले गोर्खा भर्तीको नाममा युवाहरु बेच्न सुरु गरे, आजपनि त्यो क्रम रोकिनुको सट्टा व्यापक विस्तार भएको छ । आज मेरो छोरा अस्ट्रेलिया छ, मेरी छोरी अमेरिका छे भनेर गर्व गर्ने मनोविज्ञान विकास भएको छ । त्यो राष्ट्रको लागि निकै प्रत्युत्पादक छ । आज रेमिटान्सले देश धानेको छ यदि त्यो रोकिने अवस्था आए के होला ? उत्पादन र औद्योगिकरणमा राज्यले सोचेन हामी विकास विकास भन्छौं तर मानव नै नरहे त्यो विकास कसका लागि ? हिजो सम्म गाउँ रित्तो हुँदै थिए, आज त शहर पनि रित्तिने अवस्थामा छन् । अब देश बृद्धाश्रममा परिणत हुँदैछ । विद्यालय शिक्षामा सफल र असफल दुवै भएका युवाहरु विदेश पलायन हुँदै छन् । यसको जिम्मेवारी कसले लिने ? रोजगारको सिलसिलामा होस् या अध्ययनको बहानामा होस्, युवाहरुले घर, गाउँ, शहर, राजधानी र यो देश नै छोडी बाहिरिएका छन्, यस्तो किन सरकार ? युवाहरुले गणतन्त्र ल्याएको आफै बाहिरिनलाई हो र सरकार ? युवा परिवर्तनका संवाहक हुन्, युवा यस देशका क्रान्ति र शान्ति हुन्, युवा यस देशका कर्णधार हुन्, युवा शक्ति नै राष्ट्र शक्ति हो, यस्तो सत्यता माथी खेलवाड गर्ने अधिकार तिमिलाई कसले दियो सरकार ? यस देशको लागि उत्तरदायित्व र जिम्मेवारी युवाहरुमाथी खेलवाड गर्नु देशकै भविश्य र जनतामाथी कुठाराघात गर्नु हो ।

आजको यो युवाको भिडमा हरेक युवाको दिमागमा फलानो अमेरिका, फलानो अस्ट्रेलिया, फलानो क्यानडा, फलानो जापान, म त केही गरिरहेको छैन् मेरो भविष्य कहाँ कुन देशमा होला भनेर हरेक युवाले यो देशमा भविष्य देख्न छाडेका छन् । आजको यो परिस्थिति कसले ल्याइ दियो ? युवा भविष्य हुन्, युवा भविष्यका कर्णधार हुन, तर युवा भविष्य मात्र होइन युवा शसक्त वर्तमान पनि हुन् । त्यसैले युवा जमातले के सोच्छ, कस्तो किसिमको सपना देख्छ, कस्तो किसिमको आकांक्षा राख्छ, कस्तो किसिमको व्यवहार अपनाउँछ त्यसले भविष्यको समाज र भविष्यको राष्ट्रलाई मात्र केन्द्रविन्दु राख्दैन । अहिलेको वर्तमान समाज र वर्तमान राष्ट्रको पनि एकदमै राम्रो परिचय दिन्छ । त्यसैले युवाहरुको गतिविधि, युवाहरुको सोचाई, आचरण, सपनाहरुले असाध्यै महत्वपूर्ण भूमिका खेल्छ ।

युवा अवस्थामा भरपूर उर्जा हुन्छ । भरपूर एक किसिमको आफ्नै आत्मविश्वास हुन्छ, भविष्य जित्ने एउटा हिम्मत हुन्छ । तर त्यती मात्रै होइन युवामा आफ्नो परिस्थितिलाई लिएर अन्यौलता, आफ्नो ब्यक्तित्वलाई लिएर प्रश्नचिन्हहरु यस्तै यस्तै विभिन्न प्रश्नचिन्हहरुले गर्दा नै युवाहरु मात्र होइन ८,९,१० कक्षाका बालबालिकाले पनि आफ्नो भविष्य आफ्नै मुलुकमा देख्न छाडेको अवस्थामा सबै खालका बालबालिकाहरु र युवाहरु डिप्रेसन, फस्टेसनमा जाने अवस्था कसले ल्याइदियो ? बालबालिकाले त आफ्नो सुनौलो भविष्य आफ्नै मुलुकमा देखेर, आफ्नै मुलुकमा सेवा गरेर, समृद्ध मुलुक निर्माणका लागि अगाडि बढ्नु पर्ने होइन र ? सिंहदरबार घर घरमा भन्ने गणतान्त्रिक स्थानीय सरकारले आृनै घर आँगन पालिकाका युवाहरुलाई किन रोक्न सकेन त ? हो यस्तै अनुत्तरित प्रश्नहरुको प्राप्तिका लागि पाल्पा जेसिजले यस बहसमार्फत युवाहरुले नेतृत्वलाई प्रश्न गर्ने वातावरण तय गरिदिएको हो । तानसेन नगरपालिका, रैनादेवी छहरा, बगनासकाली, तिनाउ र रिब्दीकोट गाउँपालिकाका स्थानीय सरकार प्रमुखहरुलाई मात्र नभई प्रमुख अतिथि, विशिष्ट अतिथि र अतिथिको रुपमा रहेका संघ, प्रदेश र स्थानीय सरकारका साथै जिम्मेवार राजनैतिक पार्टीका जिम्मेवारी नेताहरुलाई समेत युवाहरुले प्रश्न गरेका थिए । सहभागी सबै पालिका प्रमुखहरुले युवाहरुको प्रश्नलाई गम्भिरता पूर्वक सुनेर उनिहरुलाई समर्पित उत्तर दिएका थिए । यसले युवा र पालिकाबिचको दुरी घटाउने र पालिकाले युवालाई प्रोत्साहन गर्ने, पर्यटन प्रवर्द्धनमा पनि युवाको भूमिका र महत्व र युवा उद्यमशीलता विकासका योजनाहरुमा युवाहरुको प्रत्यक्ष संलग्नतामा प्रोत्साहित गर्ने अपेक्षा गरिएको छ । बहस कार्यक्रममा हरेक युवाहरुले उठाएका प्रश्नहरुको सम्बोधन प्रतिनिधि पात्रको रुपमा ५ वटा पालिका प्रमुखहरुले दिएता पनि उपस्थित तिनै तहका सरकार र राजनैतिक पार्टीका प्रमुखहरुलाई सचेत र जिम्मेवारी बोध बनाउनका लागि समेत उपस्थित गराइएको थियो । सहभागी युवाहरुले आृनो प्रश्नहरुलाई प्रत्यक्षरुपमा नेतृत्वसँग राखेका थिए । यस कार्यक्रमले समृद्ध पालिका निर्माणको प्रक्रिया र निर्णय प्रक्रियामा युवाहरुको आवाजलाई महत्व दिने विश्वास जेसीजले लिएको छ । सहभागी पालिका प्रमुखहरुले युवाहरुको सुझाव र अपेक्षाहरुलाई सम्बोधन गर्दै समाजका विभिन्न क्षेत्रहरुमा सुधारका लागि ठोस योजना र पहल गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् ।

**जय जेसीज**

***( यो लेखमा अध्यक्ष कार्कीले "युवाको प्रश्न नेतृत्वसँग" विषयक बहस कार्यक्रममा प्रस्तुत गरेको स्वागत मन्तव्यमा आधारित विषयहरु समावेश गरिएको छ ।)***

## महत्वपूर्ण टेलिफोन


**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२११२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : वैदेशिक क्षेत्रमा सफलता मिल्नेछ । लाभदायक यात्रा पनि हुनेछ । | **तुला** : शरीरमा स्फूर्ति र उमङ्गको कमी आउनेछ ।रोकिएको धन हात पर्ला । |
| **वृष** : व्यापार व्यवसायमा सफलता मिल्ने छ । साथीभाइले पनि राम्रैसहयोग जुटाउनेछन् | **वृश्चिक** : न्यायिक कार्यमा सफलता मिल्ने छ । व्यापारमा मनग्ये धनलाभ हुनेछ । |
| **मिथुन** : एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । | **धनु** : सहकर्मीबाट विरोध आउला । नियमित खर्चसमेत बढ्ने योग पनि छ । |
| **कर्कट** : घरमा अतिथिको आगमन पनि हुन सक्छ । मनमा खुसी छाउँनेछ । | **मकर** :आज लगनशीलताको कमीले गर्दा ठूलो उपलब्धि हात पार्न नसकिएला । |
| **सिंह** : ससाना समस्यामा अल्झनुपर्नेछ, तर साँझमा आर्थिक लाभ मिल्न सक्छ । | **कुम्भ** :भाग्यले विभिन्न अवसर जुराउने छ । घरमा अतिथिको आगमन हुनेछ । |
| **कन्या** : मालसामान हराउन सक्छ ।आज अरुलाई प्रभावित पारेर काम बन्नेछ । | **मीन** : महत्वपूर्ण कामको थालनी हुनेछ, साँझमा भने चिन्ता बढ्नसक्छ । |

## विज्ञान/सूचना प्रविधि

# नेपालमा नेटफि्लक्ससहित २० अन्तर्राष्ट्रिय कम्पनी दर्ता




> *विद्यमान आर्थिक ऐनको व्यवस्थाअनुसार नेपालमा विद्युतीय सेवा उपलब्ध गराउने व्यक्तिले आयवर्षअनुसार आफ्नो कारोबारको विवरण तथा कारोबार मूल्यको दुई प्रतिशत कर दाखिला गर्नुपर्छ । तर ठूला करदाता कार्यालयमा दर्ता हुन नआएका कम्पनीलाई कसरी आवद्ध गराउने र कर तिराउने भन्ने स्पष्ट व्यवस्था आर्थिक ऐनमा छैन । नेपालमा सेवा दिइरहेका सबै सूचना प्रविधि क्षेत्रका लागि यस्तो कर प्रणाली बाध्यकारी हुन नसक्दा अधिकांश कम्पनी कर प्रणालीभन्दा बाहिरै रहेको देखिन्छ ।*

नेपालका उपभोक्तालाई विद्युतीय सेवा उपलब्ध गराएवापत एप्पल, गुगल, माइक्रोसफ्ट, मेटा, टिकटक, नेटफि्लक्सलगायत विदेशी कम्पनीले विद्युतीय सेवा कर (डिजिटल सर्भिस ट्याक्स-डिएसटी) तिर्न थालेका छन् । ठूला करदाता कार्यालयका प्रमुख कर अधिकृत तथा सूचना अधिकारी ुवप्रसाद पाण्डेकाअनुसार हालसम्म दर्ता भएका २० कम्पनीले नेपालमा विद्युतीय सेवा उपलब्ध गराउँदा कारोबार मूल्यको दुई प्रतिशत डिएसटी तिर्न थालेका हुन् । आर्थिक वर्ष २०७९/८० को आर्थिक ऐनले नेपालमा पहिलोपटक विद्युतीय सेवा कर (डिएसटी) को व्यवस्था ल्याएको थियो । यो व्यवस्था कार्यान्वनयमा आएको दुई आर्थिक बितिसक्दा पनि नेपालमा विद्युतीय सेवा दिइरहेका सबै कम्पनीलाई डिएसटीमा आवद्ध गर्न भने सकिएको छैन । कार्यालयका अनुसार हालसम्म गुगल एसिया प्यासिफिक प्राइभेट लिमिटेड, गुगल आयरल्यान्ड लिमिटेड, गुगल डिजिटल इङ्ग, लिङ्ख्डइन सिङ्गापुर प्राइभेट लिमिटेड, एनसीएस पिअर्सन इन्कर्पोरेसन लिमिटेड, अमेजन डट कम सर्भिस एलएलसी र अमेजन वेभ सर्भिस इन्कर्पोरेसन लिमिटेडलगायत कम्पनी छन् । त्यस्तै, इब्स्को इन्टरनेसनल इन्कर्पोरेस, मेटा प्लाटफर्म्स आयरल्यान्ड लिमिटेड, माइक्रोसफ्ट रिजनल सेल्स प्राइभेट लिमिटेड, एडब सिस्टोम्स सफ्वेयर आयरल्याण्ड लिमिटेड, नेटफि्लक्स प्राइभेट लिमिटेड, जोहो कर्पोरेसन प्राइभेट लिमिटेड, प्रोमेट्रिक जापान कम्पनी लिमिटेड, एसोसिएसन अफ चार्टर्ड सर्टिफाइड अकाउन्टेन्ट्स ( एसीसीए), पिअर्सन एजुकेसन लिमिटेड, एप्पल डिस्ट्रिब्युसन इन्टरनेसनल लिमिटेड र एप्पल सर्भिस प्राइभेट लिमिटेड ठूला करदाता कार्यालयमा दर्ता छन् । नेपालले केही समयअघिमात्र सर्तसहित प्रतिबन्ध फुकुवा गरेको टिकटक पनि डिएसटी तिर्ने भएको छ । हालसम्म नेपालमा दर्ता भएका कम्पनीमध्ये गुगल एसिया प्यासिफिक प्राइभेट लिमिटेड विश्वको सबैभन्दा ठूलो सर्च इन्जिन मध्येको एक गुगलको माउ कम्पनी हो भने सामाजिक सञ्जालहरु फेसबुक (इन्स्टाग्राम र ह्वाट्सएपसमेत), टिकटक र लिङ्ख्डइन पनि दर्ता भएका छन् । दर्ता भएका अरु कम्पनीमध्ये एनसीएस पिअर्सन इन्कर्पोरेसनले विभिन्न खालका मोबाइल एप्लिकेसन बनाउने गर्छ भने इब्स्को इकर्पोरेसनले रिसर्च प्लेटफर्म र डाटाबेस व्यवस्थापनसँग सम्बन्धित कम्पनी हो । माइक्रोसफ्ट पनि सफ्टवेयर निर्माण र सूचना प्रविधिका क्षेत्रा विश्वकै ठूलो कम्पनीमध्ये एक हो । आर्थिक ऐनमा डिएसटीको विषय राखिएसँगै नेपालमा विद्युतीय सेवा दिइरहेका कम्पनीहरु कर प्रणालीमा दर्ता हुने र त्यसले राजस्वमा पनि उल्लेख्य योगदान गर्ने अपेक्षा गरिएको थियो । यस्ता कम्पनीलाई करको दायरामा ल्याउन सरकारले कानून बनाएको भएपनि अझै अधिकांश कम्पनीहरु भने कर प्रणाली बाहिर छन् । विद्यमान आर्थिक ऐनको व्यवस्थाअनुसार नेपालमा विद्युतीय सेवा उपलब्ध गराउने व्यक्तिले आयवर्षअनुसार आृनो कारोबारको विवरण तथा कारोबार मूल्यको दुई प्रतिशत कर दाखिला गर्नुपर्छ । तर ठूला करदाता कार्यालयमा दर्ता हुन नआएका कम्पनीलाई कसरी आवद्ध गराउने र कर तिराउने भन्ने स्पष्ट व्यवस्था आर्थिक ऐनमा छैन । नेपालमा सेवा दिइरहेका सबै सूचना प्रविधि क्षेत्रका लागि यस्तो कर प्रणाली बाध्यकारी हुन नसक्दा अधिकांश कम्पनी कर प्रणालीभन्दा बाहिरै रहेको देखिन्छ । चालु आर्थिक वर्षको आर्थिक ऐनले डिएसटी लाग्ने कारोबार मूल्य रु २० लाखबाट बढाएर रु तीस लाख पुर्याएको थियो । जसअनुसार वार्षिक रू तीस लाखसम्मको कारोबारमा भने अहिले यस्तो कर लाग्दैन । त्यस्तै, आर्थिक ऐनले तोकिएको समयभित्र विवरण दाखिला नगरेमा वार्षिक कारोबार रकमको शून्य दशमलव एक प्रतिशत प्रतिवर्षका दरले हुने रकम शूल्क लाग्ने र कर तिर्नुपर्ने तोकिएको मितिभित्र कुनै व्यक्तिले कर दाखिला नगरेमा वार्षिक १५ प्रतिशतका दरले ब्याज लाग्ने व्यवस्था रहेको छ । यसरी दाखिला गर्नुपर्ने कर रकम कम दाखिला गरेमा वा लुकाए छिपाएमा त्यसरी कम गरेको कर रकमको ५० प्रतिशत जरिवानासमेत लाग्नेछ व्यवस्था ऐनमा छ । तर विदेशमा सेवा दिइरहेका कम्पनीहरुले नेपालमा कर तिर्नका लागि अनिवार्य रुपमा दर्ता हुनुपर्ने व्यवस्था आर्थिक ऐनमा भने कहीँ पनि राखिएको देखिदैन । नेपालभित्र सेवा दिइरहेका सामाजिक सञ्जाललगायत विद्युतीय सेवा दिने कम्पनीहरुलाई करको दायरामा ल्याउन नसक्दा ठूलो परिमाणमा राजस्व गुमिरहेको सरकारी अध्ययनलेसमेत देखाएका छन् । तत्कालीन राजस्व परामर्श समितिले तयार पारेको ‘राजस्व दायरा वृद्धिका सम्बन्धमा अध्ययन गरी तयार पारिएको प्रतिवेदन, २०७९’ ले पछिल्ला वर्षहरुमा सामाजिक सञ्जालमार्फत हुने विज्ञापनबाट मात्रै ठूलो रकम बाहिरी रहेको उल्लेख गरेको छ । “नेपालमा कानूनी रुपमा दर्ता नभएका सामाजिक सञ्जालमा विज्ञापन गर्ने प्रवृत्ति ह्वात्तै बढेको छ । त्यस्ता सामाजिक सञ्जालहरुले वार्षिक अर्बौं रुपैयाँ नेपालबाट विदेशतर्फ लगिरहेका छन्”, प्रतिवेदनमा भनिएको छ । राजस्व परामर्श समितिको प्रतिवेदनले डाटा पोर्टल डट कमको तथ्याङ्कलाई उदृत गर्दै सन् २०२२ सम्ममा नेपालमा फेसबुकका एक करोड ३३ लाख प्रयोगकर्ता रहेको उल्लेख गरेको छ । “बजारसम्बन्धी अनुसन्धान गर्ने कम्पनी स्टाटिस्टाकाका अनुसार फेसबुकको प्रति बिज्ञापनकर्ता विज्ञापन आम्दानी सन् २०२१ मा ४० दशमलव ९६ अमेरिकी डलर पुगेको छ । उक्त आय सन् २०२० मा ३२ दशमलव ०३ अमेरिकी डलर बराबर थियो”, राजस्व परामर्श समितिको प्रतिवेदनमा भनिएको छ, “यसप्रकारले हेर्दा नेपाली प्रयोगकर्ताले विज्ञापन हेरेवापत फेसबुकले वार्षिक ६० अर्ब भन्दा बढी रकम आय गर्दै आइरहेको छ ।” यो तीन वर्ष पूरानो तथ्याङ्क हो । हालसम्म नेपालमा कति कम्पनीले विद्युतीय सेवा दिइरहेका छन ? र उनीहरुको अनुमानित वार्षिक कारोबार कति छ ? भन्ने विस्तृत अध्ययने भने भएको देखिदैन । *-रातोपाटी डटकम*

# डाइनामिक टेक्नोसफ्टलाई अन्तर्राष्ट्रिय अवार्ड




सफ्टवेयर विकासमा क्रियाशील नेपाली कम्पनी ‘डाइनामिक टेक्नोसफ्ट प्राइभेट लिमिटेड’ले अन्तर्राष्ट्रिय अवार्ड प्राप्त गरेको छ । एसियन-आसियान कम्प्युटिङ इन्डस्ट्री एसोसिएसन (असोसियो) द्वारा जापानको टोकियोमा नोभेम्बर ६-८ मा आयोजना गरिएको डिजिटल समिटमा डाइनामिक टेक्नोसफ्टले ‘असोसियो एडटेक अवार्ड २०२४’ (ASOCIO EdTech Award 2024) प्राप्त गरेको हो । असोसियो एसियाका २४ देशका सूचना प्रविधि क्षेत्रका संस्थाहरूको अन्तर्राष्ट्रिय महासंघ हो । यस संस्थाले प्रत्येक वर्ष उत्कृष्ट योगदान पुर्‍याउने संस्था, कम्पनी तथा व्यक्तिहरूलाई सम्मान दिँदै आएको छ । यसवर्षको डिजिटल समिटमा एसिया-प्यासिफिक क्षेत्रका डिजिटल उद्योगका नेतृत्वकर्ता, नवप्रवर्तक र विशेषज्ञहरूको उपस्थितिमा डाइनामिक टेक्नोसफ्टलाई ‘एडटेक अवार्ड २०२४’ प्रदान गरिएको हो । डाइनामिक टेक्नोसफ्टको स्थापनामा वीरगंजमा सन् २०१० मा भएको हो । मोफसलमा स्थापना भई देशका विभिन्न जिल्लामा आफ्नो बलियो बजार विस्तार गर्न सफल डाइनामिक टेक्नोसफ्ट अहिले अन्तर्राष्ट्रिय बजारमा समेत प्रवेश गरिसकेको छ । मोफसलमा खुलेका कम्पनीमध्ये प्रतिष्ठित असोसियो अवार्ड जित्ने पहिलो कम्पनी डाइनामिक टेक्नोसफ्ट बनेको छ । यस अवार्डले आईटी क्षेत्रमा डाइनामिक टेक्नोसफ्टको योगदानलाई अन्तर्राष्ट्रिय स्तरमा मान्यता दिएको कम्पनीका सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृत (सीईओ) दीपक साहले बताए । “हामीले नेपाली आईटी क्षेत्रको क्षमता र सम्भावनालाई अन्तर्राष्ट्रिय स्तरमा प्रस्तुत गर्दै लगेका छौं,” सीईओ साहले भने, “यसै क्रममा पाएको असोसियो अवार्डले हामीलाई अगाडि बढ्न थप प्रेरणा मिलेको छ ।”

कम्पनीले विशेषगरी विद्यालय र कार्यालय व्यवस्थापनका लागि डाइनामिक एकेडेमिक ईआरपी, डाइनामिक एकाउन्ट ईआरपी, एचआर र पेरोल सफ्टवेयर, डाइनामिक एएमएस जस्ता सफ्टवेयर विकास गरेको छ । कम्पनीबाट उत्पादित सफ्टवेयरहरू ठूला व्यावसायिक घराना, अस्पताल, उद्योग, व्यवसायिक संघ-संस्थाहरू र करिब दुई हजारभन्दा बढी विद्यालयहरूले प्रयोग गरिरहेका छन् । डाइनामिक टेक्नोसफ्टले नेपालमा वीरगञ्ज, काठमाडौं, इटहरी, बुटवल, पोखरा र जनकपुरमा शाखा विस्तार गरिसकेको छ भने भारतमा समेत तीव्र रूपमा आफ्नो बजार बढाइरहेको छ । विद्यालयलाई डिजिटल बनाउने उद्देश्यले विकसित गरिएको डाइनामिक एकेडेमिक ईआरपी र यसको मोबाइल एप एक हजारभन्दा बढी विद्यालयहरूले प्रयोग गरिरहेका छन् । सीईओ साहका अनुसार कम्पनीले नेपाल र भारतमा मात्र सीमित नराखी आगामी समयमा भुटान, बंगलादेशजस्ता एसियाली मुलुकमा पनि आफ्नो सेवा विस्तार गर्ने योजना बनाएको छ । कम्पनीले व्यवसाय बढाई नेपालमा थप रोजगारी सिर्जना गर्ने र देशको प्रविधि क्षेत्रमा योगदान पुर्याउने लक्ष्य राखेको छ । साहले भने, “नेपालमा सरकारी निकायले नेपाली कम्पनीहरूप्रति विश्वास नगर्ने प्रवृत्तिले उद्योगहरूको मनोबल घटाएको छ । हामी विश्वस्त छौं कि नेपाली आईटी कम्पनीहरू अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा सक्षम छन्, तर सरकारी समर्थन अभावले हामीलाई चुनौतिपूर्ण परिस्थितिमा राखेको छ ।” डाइनामिक टेक्नोसफ्टले दुगड ग्रुप, सिप्रदी, हुलास स्टिल, गोदावरी ग्रुप जस्ता ठूला उद्योगहरूको लागि सफ्टवेयर सेवा प्रदान गर्दै आएको छ । हाल यस कम्पनी वार्षिक १५ करोड रुपैयाँको कारोबार गर्ने र २०० भन्दा बढीलाई रोजगारी दिने स्थितिमा पुगेको छ । यसअघि डाइनामिक टेक्नोसफ्टले नेसनल आईसीटी अवार्ड २०२४ समेत प्राप्त गरेको थियो । वीरगञ्जमा स्थापना भएर देशको सूचना प्रविधि क्षेत्रमा योगदान गरेको भन्दै डाइनामिक टेक्नोसफि्टलाई सातवटै प्रदेशतर्फको नेसनल आईसीटी अवार्ड दिइएको थियो ।

*-अनलाइन खबर डटकम*

# नेपालमा आईटी क्षेत्रमा बढ्दै लगानी



नेपालमा हालसम्म करिब साढे १६ हजार सूचना तथा प्रविधि ( आईटी) क्षेत्रमा काम गर्ने कम्पनी दर्ता भएका छन् । कम्पनी रजिस्ट्रारको कार्यालयका अनुसार चालु आर्थिक वर्ष २०८१/०८२ को असोजसम्म नेपालमा १६ हजार ४९३ आईटी कम्पनी दर्ता भएका हुन् । यी आईटी कम्पनीले सफ्टवेयर तथा एप निर्माण गर्नेदेखि सुरक्षा, व्यवस्थापनलगायत विभिन्न सेवा दिने गरेका छन् । कम्पनीमात्रै नभएर नेपालमा सूचना तथा प्रविधि क्षेत्रमा दर्ता हुने उद्योगको संख्या बढ्दै गएको छ । उद्योग विभागका अनुसार, नेपालमा सूचना, प्रसारण तथा सञ्चार प्रविधिमा आधारित हालसम्म दर्ता उद्योगको संख्या १७५ पुगेको छ । गत आर्थिक वर्ष २०८०/०८१ मा आईटी क्षेत्रमा २१ उद्योग दर्ता भएका थिए । चालु आर्थिक वर्ष २०८१/०८२ को तीन महिना अर्थात् असोजसम्म मात्रै ४५ वटा आईटी उद्योग दर्ता भइसकेको उद्योग विभागको तथ्यांक छ । विभागअन्तर्गतका आईटी उद्योगहरू दूरसञ्चार सेवा, डाटा सेन्टर, माइनिङक्लाउडकम्प्युटिङजस्ता सेवा दिने गरी दर्ता भएका छन् । आईटी उद्योगहरूमा पूर्ण विदेशी लगानीदेखि नेपाली साझेदार राखेर पनि विदेशी लगानी भित्रिएको छ । उद्योग विभागका अनुसार, पछिल्लो १० वर्षमा नेपालमा सञ्चार तथा सूचना प्रविधि ( आईसीटी) क्षेत्रमा १३ अर्ब १२ करोड ५० लाख रुपैयाँ विदेशी लगानी प्रतिबद्धता आएको छ । आईसीटी क्षेत्रमा हाल १४७ वटा प्रत्यक्ष विदेशी लगानी अथवा एफडीआईसहितका प्रोजेक्ट सञ्चालनमा छन् । नेपाल राष्ट्र बैंकको पछिल्लो तथ्यांक अनुसार, आर्थिक वर्ष २०७९/०८० को अन्त्यसम्म नेपालको कुल एफडीआईमा सूचना तथा सञ्चार क्षेत्रको हिस्सा ६.७ प्रतिशत छ । उक्त रकम १९ अर्ब ७४ करोड रुपैयाँभन्दा बढी रहेको राष्ट्र बैंकले जनाएको छ । सूचना तथा प्रविधि (आईटी) क्षेत्रमा नेपालका लागि राम्रो आर्थिक सम्भावना रहेको मानिन्छ । सरकारले चालु आर्थिक वर्षको बजेटमा आईटी क्षेत्रलाई प्रोत्साहन गर्न विभिन्न योजना घोषणा गरेको थियो । आईटी पार्क, नि:शुल्कइन्टरनेटसहितकावर्कस्टेसन उपलब्ध गराउनदेखि आयकरमा सहुलियत दिएर आईटी क्षेत्रको प्रवर्धन गर्ने सरकारको भनाइ छ । ती योजनाका लागि बजेट भने नछुट्टिएको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले जनाएको छ । नेपालबाट विदेशमा व्यक्तिगत एवं संस्थागतरूपमा आईटी वस्तु तथा सेवा निर्यात गरेर आम्दानी गर्नेहरूको संख्या पनि बढ्दै गएको छ । आईटी क्षेत्रमा विदेशी लगानी सीमा हटाएर, अनलाइनबाटै दर्ता, नवीकरणदेखि लगानी स्वीकृत गर्न सकिने व्यवस्था गर्दै विदेशी लगानीकर्ताका लागि सरकारले केही सहज बाटो बनाएको छ ।

*-बाह्रखरी डटकम*

# विश्व निमोनिया दिवस मनाइँदै




**पाल्पा,** कार्तिक २६/आज विश्व निमोनिया दिवस मनाइँदैछ । निमोनियाबारे सर्वसाधारणलाई जानकारी गराउने उद्देश्यले सन् २००९ देखि नोभेम्बर १२ तारिकका दिन यो दिवस मनाउन सुरु गरिएको हो ।

निमोनिया फोक्सोको संक्रमणबाट हुने रोग हो । जसमा फोक्सोका कोषहरु सुनिन्छन र स्वास प्रश्वासमा समस्या आउने गर्दछ । नेपालमा बाल मृत्युदर बढाउने प्रमुख रोगका रुपमा देखिएको निमोनिया भाइरस फङगस वा व्याक्टेरियाको जुनसुकै संक्रमणबाट पनि हुन सक्छ । निमोनियाले सबै उमेर समुहका व्यक्तिलाई असर गरेपनि विशेषगरि बालबालिका र ज्येष्ठ नागरिकलाई बढी असर गर्ने गरेको छ । पाँच वर्षका मुनिका बच्चालाई बढि देखिने यो रोगले दुई वर्ष मुनिका बच्चाहरुलाई बढी सताउने गरेको पाइन्छ । यो चिसो मौसममा बढी हुने गर्दछ । चिसो मौसममा मानिसलाई सामान्य रुघाखोकी लाग्छ । तर, सामान्य रुघाखोकी ठानेर हेलचेक्र्याइँ गर्दा रुघाखोकी बिग्रिएर निमोनिया हुने गर्दछ । जुनसुकै कारणले भए पनि निमोनियाको संक्रमण भएपछि फोक्सोको हावा थैलीहरुमा इन्फ्लेमेशन (सुन्निने) हुन्छ । यसरी निमोनिया संक्रमण भएर त्यस्ता हावा थैलीहरु सुन्निन थालेपछि बेलैमा उपचार भएन भने त्यहाँ पानी वा पीपहरु भरिन थाल्छ ।

निमोनियाको रोकथाम र उपचारमा विशेष ध्यान पुर्याउन विश्व स्वास्थ्य सङ्गठन डब्ल्यूएचओले हरेक वर्ष आग्रह गर्दै आएको छ । यसको न्यूनीकरणका लागि निमोनियाविरुद्धको खोपसहित अरु रोकथामका सुरक्षा अपनाउन आवश्यक छ । निमोनियाबारे जनचेतना बढाउन सन् २००९ देखि हरेक वर्षको नोभेम्बर १२ तारिखमा यो दिवस मनाउन थालिएको हो । बिरामीको अवस्थाअनुसार उपचार हुने भएकाले लक्षणहरू देखिनासाथ अस्पताल जान डाक्टरको सल्लाह छ । नेपालमा बढ्दो धुवाँधुलोका कारण निमोनियाका बिरामी बढ्दै गएको चिकित्सिक बताउँछन् । खोकी लाग्ने, बच्चाहरुले छिटोछिटो सास फेर्ने, श्वासप्रश्वासमा समस्या, छाति तथा कोखा दुख्ने निमोनियाका लक्षणहरु हुन् । रुघाखोकी बिग्रेर निमोनिया लाग्ने सम्भावना बढी हुने, तथा पोषणको अभाव, वातावरणीय प्रदुषणका कारण नेपालमा निमोनिया हुने गरेको चिकित्सकहरुको भनाई छ । बालबालिकालाई जन्मेदेखि ६ महिनासम्म स्तनपान गराउने, पोषिलो खानेकुरा खावाउने, धूवाँधुलोबाट सुरक्षित राख्ने हो भने निमोनियाबाट बचाउन सकिने चिकित्सिको भनाई छ । त्यसका साथै निमोनियबाट बचाउन सफासँग हात धुने, निमोकोकल र इन्फ्लुएन्जा खोपको समेत प्रयोग गर्न सकिने चिकित्सकहरु सुझाव छ । साथै सरकारले बालबालिकालाई दिन सुझाएका सबै खोपहरु दिन चिकित्सकहरुले आग्रह गर्ने गरेका छन् ।

## आज हरिबोधिनी...

... तुलसीको सुगन्धले दश दिशा पवित्र हुन्छ भनिन्छ । तुलसीको पूजा गरिएको घरमा यमदूत पनि पस्दैनन् भन्ने आस्थाका कारण हिन्दू धर्मावलम्बीले घरमा तुलसीको मठ बनाउँछन् ।

**तुलसीको महत्व :** तुलसीको पात, डाँठ वा फूलको रस रुघाखोकी र औलोलगायत रोगका लागि औषधि हुन्छ । यो रस शरीरमा लगाएर सुतेमा लामखुट्टेले टोक्दैन । तुलसीको मठ भएको स्थलवरपर विषालु सर्प पनि आउँदैन । मठको वरपर वहने हावाले विषालु कीटाणुलाई नष्ट गर्दछ । शरद ऋतुभर सबै प्राणीका लागि तुलसीलाई महाऔषधि मानिन्छ । तुलसीबाट बनेको चिया मानव शरीरमा रोग प्रतिरोधी क्षमता वृद्धि गर्न उपयुक्त मानिन्छ । कार्तिक महिनामा तुलसीको माला लगाउँदा र एक लाख तुलसी पत्र विष्णुलाई अर्पण गर्दा मनोकांक्षा पूरा हुन्छ भन्ने विश्वास छ । गरुड पुराणमा उल्लेख भएअनुसार यस महिनामा एउटा तुलसी पत्र भगवान् विष्णुलाई अर्पण गर्दा १० हजार गाई दान गरेबराबरको फल मिल्दछ ।

आजका दिन भगवान् विष्णुको मूर्तिलाई रथमा राखी यात्रा गराउने प्रचलन पनि छ । रात्रिमा 'गोविन्द उठ्नुस् तपाई सुते जगत् सुत्छ, तपाई उठे जगत् उठ्छ' भन्दै शंख, घन्ट र ढोल बजाएर विष्णुलाई जगाउने गरिन्छ । यसको प्रतीकका रूपमा मानवका पाँच ज्ञानेन्द्रिय र पाँच कर्मेन्द्रिय एवं मन गरी ११ वटालाई जित्न उपयोग गरिने शास्त्रीय मान्यता रहेको छ । आजको दिन अन्न खान नहुने भएकाले सखरखण्ड, पिँडालु र वनतरुल उसिनेर फलाहार गरिन्छ ।

यसरी व्रत गरेमा पापको नाश भई पुण्य वृद्धि हुने र मोक्ष प्राप्ति हुन्छ भन्ने धार्मिक विश्वास छ । ठूलो एकादशी पनि भनिने आजको एकादशी व्रतले हजार अश्वमेध यज्ञ तथा राजसूय यज्ञ गरे बराबरको फल पाइने शास्त्रीय मान्यता छ ।


### सि.एम.एल.टी संकायको रिक्त सिटमा आवेदन दिनेबारेको सूचना

प्रकाशित मिति २०८१/०७/२५

यस तानसेन स्कूल अफ हेल्थ साईन्स, तानसेन, पाल्पामा सि.एम.एल.टी संकायमा केही सिटहरु रिक्त रहेकोले स्वास्थ्यतर्फ अन्य कुनै शिक्षण संस्थामा प्रवेश परीक्षा दिई पास भएका तथा पुन: हुने प्रवेश परीक्षामा सहभागी भई अध्ययन गर्न ईच्छुक विद्यार्थीहरुले मिति २०८१ कार्तिक २८ भित्र सम्पर्क गर्नुहुन अनुरोध छ ।

सम्पर्क

तानसेन स्कूल अफ हेल्थ साईन्स
तानसेन, पाल्पा
फोन नं. ०७५-५२०१६६


खेलकुद समाचार

## न्युजिल्याण्डले श्रीलङ्कालाई हरायो



**काठमाडौं,** कार्तिक २६/श्रीलङ्कासँगको दोस्रो तथा अन्तिम टी-२० क्रिकेट न्युजिल्याण्डले जितेको छ । दाम्बुलामा भएको रोमाञ्चक खेलमा न्युजिल्याण्डले घरेलु टोली श्रीलङ्कालाई ५ रनले हराएको हो ।

न्युजिल्याण्डले दिएको १ सय ९ रनको लक्ष्य पछ्याएको श्रीलङ्का अन्तिम बल बाँकी छँदै १ सय तीन रनमा अलआउट भयो । न्युजिल्याण्डका ग्लेन फिलिप्स र लकी फर्गुसनले समान ३/३ विकेट लिए । श्रीलङ्काका पथुम निसांकाले सर्वाधिक ५२ रन बनाए । यसअघि पहिले ब्याटिङ गरेको न्युजिल्याण्डका विल योङले सर्वाधिक ३० रन बनाए भने बलिङतर्फ श्रीलङ्काका विनिन्दु हसरंगाले चार र मथिशा पाथिरानाले तीन विकेट लिए । यो सँगै दुई खेलको शृङ्खला १-१ को बराबरीमा सकिएको छ ।


वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com


अर्थ/कर्पोरेट समाचार

## नेप्से निरन्तर उकालो यात्रामा




**पाल्पा,** कार्तिक २६/सेयर कारोबार मापक नेप्से परिसूचक निरन्तर उकालो यात्रामा रहेको छ । आइतबार ६२ दशमलव ५४ अंकले उकालो लागेको नेप्से सोमबार पनि उकालै यात्रामा रहेको हो ।

साताको दोस्रो दिन नेप्से २२ दशमलव १४ अंकले बढेको छ । योसँगै नेप्से २ हजार ७ सय ६० दशमलव २१ विन्दुमा बन्द भएको छ । सेयर कारोबार मापक नेप्से परिसूचक शून्य दशमलव ८० प्रतिशतले बढेको हो । सो अवधिमा १ सय ४३ कम्पनीको सेयर मूल्य बढ्यो भने ९२ कम्पनीको सेयर मूल्य घट्यो । ९ कम्पनीको मूल्य स्थिर रह्यो । १ लाख १३ हजार ९ सय ६४ पटकको सेयर किनबेचबाट २ करोड ४५ लाख ५७ हजार १ सय ५३ कित्ता सेयर किनबेच भए । सोही अवधिमा ११ अर्ब ३१ करोड ५२ लाख रुपैयाँको सेयर कारोबार भएको छ । कुल ५ उपसमूहको सेयर मूल्य घट्यो भने ८ उपसमूहको मूल्य बढ्यो । घट्ने उपसमूहहरुमा निर्जीवन बिमा, फाइनान्स, विकास बैंक, होटल तथा पर्यटन र हाइड्रोपावर रहे । बढ्ने उपसमूहहरुमा जिवन बिमा, लघुवित्त व्यापार र बैंकिङ रहे ।

८ कम्पनीको मूल्य १० प्रतिशत बढ्यो । सपोर्ट माइक्रोफाइनान्स, सामुदायिक लघुवित्त, गुराँस लघुवित्त, मानुषी लघुवित्त, सिर्जनशील लघुवित्त, माछापुच्छ्रे बैंक, कुथेली बुकरी स्मल हाइड्रोपावर र सीवाईसी लघुवित्तको मूल्य १० प्रतिशत बढेको हो । गुडविल फाइनान्सको ९.८ तथा नारायणी विकास बैंकको ९.६ प्रतिशत मूल्य बढ्यो । इस्टर्न हाइड्रोपावरको मूल्य १० प्रतिशत घट्यो । समृद्धि फाइनान्सको ९.७, सानिमा जीआईसी इन्स्योरेन्सको ४.१ प्रतिशत घट्यो । कारोबार रकमका आधारमा साहस ऊर्जा, हिमालयन रिइन्स्योरेन्स, अरुणभ्याली हाइड्रोपावर, सानिमा माइ हाइड्रोपावर र समृद्धि फाइनान्स क्रमश: अगाडि रहे ।

## हार्दिक समवेदना







जन्म
वि.सं. १९९५/०५/०७

स्वर्गारोहण
वि.सं. २०८१/०७/२१

**स्व.नरीसरा पुन मगर**

यस जनज्योती लाङ्घाली गुठीका सदस्यका, पिता स्व. टेकबहादुर पुन मगरको श्रीमती, छोरा उमान सिंङ पुन स्व. रन बहादुर पुन, हुमबहादुर पुन, कुलबहादुर पुन, धनबहादुर पुन स्व.मनबहादुर पुन, दिलबहादुर पुन, छोरी झगरीसरा जर्गाको ममतायी माता कानुङ मै समूहकी सदस्य भोजकुमारी पुन, शान्तीसरा पुन, स्व. चनिसरा पुन, देविमाया पुन, अम्बिसरा पुन, केशरी पुन, गिता पुनकी सासुआमा **नरीसरा पुन मगर**को यही मिति २०८१ कात्तिक २१ गते बुधबारको दिन ८७ वर्षको उमरमा भएको असामयिक निधनले यस गुठी कानुङ मै समूह परिवार स्तब्ध भएको छ । यस दु:खद् घडीको आज ७ औं दिनको पुण्यतिथीमा दिवंगत आत्माको चिरशान्तिको कामनासहित **हार्दिक श्रद्धाञ्जली** व्यक्त गर्दै शोकाकुल परिवारजनमा ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनि **हार्दिक समवेदना** प्रकट गर्दछौं ।

| | | |
|---|---|---|
| देवबहादुर आले<br>कोषाध्यक्ष | गुनबहादुर कनौजे<br>सचिव | मानबहादुर खाम्चा<br>अध्यक्ष |
| बन्दना राना खड्का<br>कोषाध्यक्ष | निर्मला राना सारु<br>सचिव | मिना सिंजाली पचभैया<br>अध्यक्ष |

एवं

**जनज्योती लाङ्घाली गुठी एवं कानुङ मै समूह परिवार**

तानसेन-२, मेहलधारा, पाल्पा


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई